# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या :- ०७८/०७९ मिति : २०७८/१२/१३
चलानी नं.:- १४०३

विषय : नागरिकता प्रमाणपत्रको प्रतिलिपि सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै (१-११),
मिथिला नगरपालिका ।

प्रस्तुत विषयमा श्री जिल्ला प्रशासन कार्यालय, धनुषाको नागरिकता प्रमाणहरुको प्रतिलिपि सम्बन्धमा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु सम्बन्धी सूचनाको छाँयाकापी यसै पत्रसाथ संलग्न गरिएको छ । उक्त सूचनामा उल्लेख भएअनुसार गर्न गराउन अनुरोध छ ।

..................
रचिन्द्र डङ्गोल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनुषा

विगतमा वडा हाकिम, अञ्चलाधिश, जिल्ला कार्यालय, जिल्ला प्रशासन, इलाका प्रशासन कार्यालय एवं टोलीबाट जारी भएका नागरिकता प्रमाणहरुको प्रतिलिपि सम्बन्धमा देहाय अनुसारका कागजात संलग्न गरी निम्नानुसार गर्ने :

१. प्रतिलिपि नागरिकता फारममा सिफारिस सहितको आवेदन
२. झुत्रो नागरिकता प्रमाण पत्र सक्कल सो नभए फोटोकपि सो नभए
३. नागरिकता प्रमाण पत्र नं., जारी गर्ने अधिकारी र जारीमिति खुल्ने अन्य सार्थक सरकारी प्रमाण जस्तै जग्गाधनी दर्ता प्रमाण पूर्जा, सवारी चालक अनुमति पत्र, राष्ट्रिय परिचयपत्र आदि

उपरोक्तानुसारका कागजात संलग्न भए पछि फाँटबाट देहाय अनुसार गर्ने :

४. कार्यालय प्रति वा वितरण रजिष्टर वा कम्प्यूटर इन्ट्री भिडाइ भिडेमा प्रतिलिपि जारी गर्ने
५. नभिडेमा वालिग रजिष्टर हेरी विवरण यकिन भएमा प्रतिलिपि जारी गर्ने
६. माथि क्र.सं. ४ र ५ बमोजिमको रेकर्ड फेला नपरेको तर पेश भएको पुरानो नागरिकता प्रमाण पत्रमा सम्पूर्ण विवरण खुलेकाको हकमा कार्यालयको अभिलेख रुजु हुने नागरिकता प्रमाण पत्र सहित आएका एकाघर संगोलका बाबु, आमा, दाजु, भाई, दिदी, बहिनी, छोरा, छोरी, पति पत्नी मध्ये कोही एक जना वा सो नभएमा ३ पुस्ता भित्रको नातेदार सँगको नाता प्रमाणित सहितको नातेदारको नागरिकता प्रमाण पत्र सहित सनाखत गरेमा पुरानो नागरिकता प्रमाण पत्रलाई कार्यालय प्रतिको रुपमा ग्रहण गरि प्रतिलिपि जारी गर्ने ।

माथि क्र.सं. ४, ५ र ६ बमोजिम हुन नसक्नेका हकमा पहिले नागरिकता प्रमाण पत्र प्राप्त नभएको ठानी अनुसूची-१ बमोजिमको सिफारिस सहितका कागजात प्रमाण संलग्न राखि नयाँ प्रकृयाबाट नयाँ नागरिकता प्रमाण पत्र जारी गर्ने र कैफियतमा संलग्न प्रमाण बमोजिम पुरानो नागरिकता प्रमाण पत्र नं. र जारीमिति उल्लेख गर्ने ।

प्रमुख जिल्ला अधिकारी

[illegible]